बैठक नं. ३८

आज मिति २०७५/१०/२५ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान ८:०० बजे ।
स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (बिश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | बिष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | राजेन्द्र सिग्देल | नि. प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं. ३८.१

**बुटवल उप-महानगपालिकाको ६० औं स्थापना दिवस सम्बन्धमा ।**

निर्णय नं. ३८.१

यस बुटवल उप-महानगरपालिकाको ६० औं स्थापना दिवस यहि फाल्गुण ३ गते मूल समारोह सहित मनाउने, उक्त दिन ५ नं. प्रदेश गठन भएको उपलक्ष्यमा प्रदेश सरकारले भव्य रुपमा प्रदेश स्थापना दिवस मनाउने सन्दर्भमा प्रदेशको प्रथम स्थापना दिवस र यस उप-महानगरपालिकाको ६० औं स्थापना दिवसको मूल समारोहको कार्यक्रम संयुक्त रुपमा एकै स्थानबाट गर्ने गरी निर्णय भए बमोजिम २०७५/११/०३ गते बिहान ८ बजे बुटवल बहुमुखी क्याम्पसबाट बाजागाँजा, झाँकी सहित प्रभातफेरी गरी बुटवल मण्डपमा गई मूल समारोहमा सहभागी हुने निर्णय गरियो ।

६० औं स्थापना दिवसलाई भव्य रुपमा सम्पन्न गर्न देहाय बमोजिमको नगरस्तरिय मूल समारोह समिति बनाई देहाय बमोजिम हुने गरी जिम्मेवारी बाँडफाँड गरी संयोजन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री शिवराज सुवेदी, प्रमुख, बुटवल उप-महानगरपालिका | -संयोजक |
| श्री गुमादेवी आचार्य, उप-प्रमुख, बुटवल उप-महानगरपालिका | -सह-संयोजक |
| श्री पूर्व विधायकज्यूहरु सबै, उप-महानगर क्षेत्र | -सदस्य |
| श्री कार्यपालिकाका सदस्यहरु सबै, बुटवल उप-महानगरपालिका | -सदस्य |
| श्री नगर सभाका सदस्यहरु सबै, बुटवल उप-महानगरपालिका | -सदस्य |
| श्री राजनैतिक दलका प्रमुखहरु सबै, उप-महानगर क्षेत्र | -सदस्य |
| श्री कार्यालय प्रमुखहरु सबै, उप-महानगर क्षेत्र | -सदस्य |
| श्री सुरक्षा निकायका प्रमुखहरु सबै, उप-महानगर क्षेत्र | -सदस्य |
| श्री संघ संस्थाका प्रमुखहरु सबै, उप-महानगर क्षेत्र | -सदस्य |
| श्री क्याम्पस प्रमुखहरु सबै, उप-महानगर क्षेत्र | -सदस्य |
| श्री सभापति, पत्रकार महासंघ, रुपन्देही | -सदस्य |
| श्री सञ्चारकर्मीहरु सबै, उप-महानगर क्षेत्र | -सदस्य |
| श्री पूर्व जनप्रतिनिधिहरु सबै, उप-महानगर क्षेत्र | -सदस्य |
| श्री प्रधानाध्यापकहरु सबै, उप-महानगर क्षेत्र | -सदस्य |
| श्री प्रमुख प्रशासकीय अधिकृत, बुटवल उप-महानगरपालिकाको कार्यालय | -सदस्य-सचिव |

१. जनपरिचालन तथा यातायात व्यवस्थापन गर्ने कार्यको संयोजन पूर्वाधार विकास समितिले गर्ने ।

२. झाँकी र्‍याली तथा प्रभातफेरी व्यवस्थापन कार्यको संयोजन सामाजिक समितिले गर्ने ।

३. प्रचार प्रसारलाई व्यवस्थित गर्ने कार्यको संयोजन सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिले गर्ने ।

४. पुरस्कार सम्मान गर्ने तथा सहयोग गर्ने कार्यको संयोजन प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिका संयोजक रहेको समितिले गर्ने ।

५. २०७५/११/०२ गते बिहान राजमार्ग सरसफाई अभियान सञ्चालन गर्ने । स्थापना दिवसका अवसरमा मानव सेवा आश्रम बुटवल र कुष्ठ रोग प्रभावित व्यक्तिहरुलाई खाद्यान्न वितरणको व्यवस्थापन गर्ने र नेपाल नगरपालिका कर्मचारी एशोशिएसनद्वारा पेश भए बमोजिमका अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु मितव्ययी ढंगबाट दैनिक सेवा प्रवाह अवरुद्ध नहुने गरी सञ्चालन गर्ने र मूल समारोहमा सबै वडा समितिहरुले टोल विकास संस्थाहरुलाई आ-आफ्नो पहिचान सहित सहभागिता जनाउने गरी परिचालन गर्ने ।

स्थापना दिवसका अवसरमा नगरको विकास र समृद्धिमा योगदान पुऱ्याउने विभिन्न संघ संस्था, प्रतिभाहरु मध्ये निश्चित मापदण्डका आधारमा छनौट सहित विषयगत समितिहरुको सिफारिस २०७५/११/०१ गते ११ बजे भित्र पेश गर्न लगाउने र देहायका विषयगत विधालाई समावेश गर्ने ।

१. करदाता सम्मान
२. उपभोक्ता समिति - पुरस्कार ।
३. सरसफाई - अभियान/अभियान्ता सम्मान ।
४. उत्कृष्ट फुलबारी व्यवस्थापन प्रोत्साहन पुरस्कार वडा नं. १० ।

स्ताव नं. ३८.२
त्रविध ।
ास्ताव नं. ३८.२.१
कर्मचारी समायोजन सम्बन्धमा ।
नेर्णय नं. ३८.२.१
नगर कार्यपालिकाको मिति २०७५/०८/२८ गतेको बैठकमा पेश भई विचाराधिन रहेको कर्मचारी समायोजन सम्बन्धी प्रस्तावका सम्बन्धमा विगतमा स्थानीय निकायमा स्थायी नियुक्ती पाई सेवारत कर्मचारीहरुको हाल कायम तह श्रेणी र खाईपाई आएको पारिश्रमिक सुविधा नघटने र पछि स्थानीय कानूनले निर्धारण गरे बमोजिम प्रोत्साहित समेत गर्ने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २५ मिति २०७५/०८/२४ को पत्रमा उल्लेख भए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन बमोजिम यस उप-महानगरपालिकामा स्वत समायोजन भएका हाल यस उप-महानगरपालिकामा कार्यरत १८७ जना स्थायी कर्मचारीहरुलाई स्थानीय तहको सेवामा यस उप-महानगरपालिकामा समायोजन गरी समायोजन पत्र उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने निर्णय गरियो ।

**प्रस्तावन नं. ३८.२.२**
**अटोभिलेज सम्बन्धमा ।**
**निर्णय न. ३८.२.२**
यस बुटवल उप-महानगरपालिकाको वडा नं. २ र ११ स्थित अटो वर्कशप (अटो इन्जिनियरिङ्ग) क्षेत्रको जग्गा वहाल (लिज) सम्झौताको पुनरावलोकन गरी उद्देश्य अनुरुप अटो व्यवसायलाई व्यवस्थित गर्ने उद्देश्यले नगर कार्यपालिकाबाट गठित कार्यदलले दिएको प्रतिवेदन आजको बैठकमा पेश भई छलफल भयो । सो सम्बन्धमा कार्यदलबाट प्राप्त प्रतिवेदनको कार्यान्वयन गर्दै प्रतिवेदन साथ संलग्न सम्झौता पत्रको मस्यौदालाई पारित गर्ने निर्णय गरियो । सम्झौता १५ वर्षका लागि गर्ने समेत निर्णय गरियो । जग्गा उपलब्ध हुन नसकि अन्य क्षेत्रमा अटो व्यवसायको दर्ता अनुमति दिदा उक्त व्यवसायबाट निश्कासन हुने फोहर पानी, इन्धन, रसायन जस्ता वस्तु पदार्थको उचित व्यवस्थापनको सुनिश्चितताका आधारमा सम्बन्धित वडाको सिफारिसमा मात्र दर्ता अनुमति दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३८.२.३**
**ट्रान्सपोर्ट भिलेजको स्थापना र भाडादर स्वीकृत सम्बन्धमा ।**
निर्णय नं. ३८.२.३

गरको मूल बजार क्षेत्रमा अव्यवस्थित रुपमा ढुवानी व्यवसाय सञ्चालन हुँदा नगरको ट्राफिक व्यवस्थापन लगायत ावागमनमा समेत समस्या भएको र ठूला ढुवानीका सवारी साधनहरु यो व्यवसायमा निर्भर देखिएको हुँदा मुख्य हरी बजार क्षेत्रमा यो व्यवसाय सञ्चालन गर्दा बजार अस्त व्यस्त भएकोले उक्त व्यवसायलाई बुटवल १२ मा हेको सार्वजनिक नदी उकास क्षेत्रमा व्यवस्थित गर्ने र त्यसरी व्यवस्थित गर्दा हाल नगर क्षेत्रमा उक्त व्यवसाय ञ्चालन गरी आएका, प्रचलित कानून बमोजिम दर्ता नवीकरण भएका नियमित व्यवसाय सञ्चालन गरी आएका स कार्यालयमा दर्ता भएका व्यवसायीहरु स्वंयले सेड निर्माण गर्ने गरी मासिक वहाल प्रति व्यवसायी १५५० र्गफुटको प्रति वर्गफुट रु. २।- का दरले हुने रकम वहाल लिने र प्रत्येक २ वर्षमा १०% का दरले वहाल वृद्धि हुने ारी हाल ४९ वटा सेड तैयार गर्न लगाई १५ वर्षे वहाल सम्झौताद्वारा व्यबस्थित गर्ने र मुख्य बजार क्षेत्रमा उक्त यवसाय सञ्चालन गर्न रोक लगाउने गरी कार्यदल र राजश्व परामर्श समितिबाट प्राप्त सुझाव वमोजिम गर्ने र ोही प्रयोजनका लागि हाल कम्पाण्ड वाल निर्माण गर्न प्रकाशित बोलपत्रको सूचना रद्द गरी उक्त कार्यलाई हाल थगित समेत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३८.२.४**

**जी.पी. कोईराला स्मृति प्रतिष्ठानलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं. ३८.२.४**

श्री जी. पी. कोईराला स्मृति प्रतिष्ठान बुटवलको माग तथा वडा समितिको मिति २०७५/१०/०३ गतेको निर्णय सिफारिस वमोजिम नेपालको प्रजातान्त्रिक आन्दोलनका नेतृत्वकर्ता मध्येका अगुवा नेता श्री गिरिजा प्रसाद कोईरालाको स्मृतिमा निर्माण गरिने श्री जी. पी. कोईराला स्मृति प्रतिष्ठानको भवन निर्माण प्रयोजनका लागि उक्त प्रतिष्ठानलाई बुटवल-१२ स्थित पूर्व पश्चिम लोकमार्गदेखि उत्तरतर्फको सार्वजनिक बसोबास क्षेत्रबाट पश्चिम राजपुर खोला, पूर्व सार्वजनिक/आवादी क्षेत्र उत्तर राजपुर खोला र गुहे खोला दक्षिण आवादी र लोकमार्ग यति चार किल्ला भित्रको अन्दाजी ज.वि. १-१०-० क्षेत्रफल मध्ये पूर्व उत्तर तर्फ ०-४-० जग्गा उक्त प्रतिष्ठानलाई उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३८.२.५**

**लिलामको न्यूनतम मूल्य कायम सम्बन्धमा ।**

**निर्णय नं. ३८.२.५**

बुटवल वडा नं. १ स्थित यस बुटवल उप-महानगरपालिकाको स्वामित्वमा रहेको क्षतिग्रस्त भग्नावशेष पुरानो नगरपालिका भवन हटाउदा निस्केका इट्टा, काठ लगायत जस्तापाता, कवाडहरु लिलाम गर्न मूल्य कायम गर्न गठित मूल्यांकन समितिबाट प्राप्त प्रतिवेदनमा उल्लेखित न्यूनतम मूल्य रु ४,३५,०००।- (भ्याट सहित) स्वीकृत गरी लिलाम प्रकिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३८.२.६**

**नाली फुटपाथ सहितको कालिका पथ निर्माण सम्बन्धमा ।**

**निर्णय नं. ३८.२.६**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (विकास सहायता समन्वय शाखा) को च.नं. ३९५ मिति २०७५/१०/१७ मा प्राप्त पत्र बमोजिम भारतीय सरकार साना विकास परियोजना कार्यक्रम अन्तर्गत यस उप-महानगरपालिकाको वडा नं. ९ र वडा नं. ११ हुँदै योगीकुटी जाने कालिका पथ सडकमा नाली फुटपाथ सहित सडक कालोपत्रे गर्ने कार्यका लागि यस उप-महानगरपालिकाबाट स्वीकृत बजेट रु १,५०,०००,००।- रहेको र उक्त

डकको लम्बाई ३.६६ कि.मि.को ल.ई. रु. ५९,३०,६४,८९४।०२ (अक्षरेपी उन्साठी करोड तीस लाख चौसठ्ठी जार आठ सय चौरानब्बे रुपैया दुई पैसा मात्र) भई बजेट अपुग देखिएको हुँदा भारतीय सरकार साना विकास रियोजनाको लागत सहभागिता नीति बमोजिम हुने गरी हाल ४३५ मिटरको लागि लाग्ने रु. ४,९७,९२,२५४।७६ (क्षरेपी चार करोड सन्तानब्बे लाख बयानब्बे हजार दुई सय चौबन्न रुपैयाँ छियत्तर पैसा मात्र) बराबरको कार्य र्नको लागि उक्त सडक योजना उक्त कार्यक्रममा समावेश गरी स्वीकृत गर्ने व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३८.२.७**
**जनशक्ति व्यवस्थापन सम्बन्धमा ।**
**निर्णय नं. ३८.२.७**
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३०७९ मिति २०७५/१०/०९ को पत्र, चौथो नगर सभाको निर्देशन तथा सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको सिफारिस, निर्णयका सन्दर्भमा यस उप-महानगरपालिकाको नियमित कार्य सञ्चालनका लागि करार, अस्थाई तथा मासिक तथा डोर हाजिरीमा काम काजमा लगाई आएका प्राविधिक एवं अन्य कर्मचारीहरुको सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ अनुकूल नदेखिएको भन्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिमका अधिकार कार्यान्वयनका लागि अति आवश्यक जनशक्ति सोही ऐनमा व्यवस्था भए बमोजिम कर्मचारी समायोजन भई हाल तत्काल काम काज गरी आएको जनशक्तिलाई प्रतिस्थापन गरी कार्य जिम्मेवारी नलिदासम्म दैनिक सेवा प्रवाह, राजश्व असुली, विकास आयोजना सञ्चालन, सरसफाई, बजार व्यवस्थापन (नगर प्रहरी) पाले पहरा जस्ता महत्वपूर्ण काममा लगाइएको जनशक्तिलाई अर्को वैकल्पिक व्यवस्था नहुन्जेलसम्म निरन्तर रुपमा कामकाजमा लगाई राख्ने र कर्मचारी समायोजन भई आएपछिको अवस्था विश्लेषण गरी देहाय बमोजिम गर्न नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

१. वडा स्तरमा राजश्व असुलीका काममा खटाइएका जनशक्तिका सम्बन्धमा सेवा करारद्वारा व्यवस्थापन गर्ने ।
२. विकास योजना कार्यक्रमका लागि आवश्यक जनशक्ति पारदर्शी प्रक्रिया अपनाई करार सेवाद्वारा व्यवस्थापन गर्ने ।
३. नगर प्रहरी, पाले पहरा, सफाईकर्मीहरु जस्ताको व्यवस्थापन करार सेवा माध्यमबाट पारदर्शी प्रक्रिया अवलम्बन गर्ने ।
४. यस उप-महानगरपालिकाको घर नम्बरिङ कार्यलाई अन्तिम रुप दिन तत्कालै GIS Expert (जिआईएस विज्ञ) करारमा लिई काम काज लगाउने र हालै स्थापना गरिएको निर्माण कार्य गुणस्तर जाँच प्रयोगशालाका लागि आवश्यक जनशक्ति सहायक चौथो तह प्राविधिक (सिभिल इन्जिनीयरिङ समूह) र कार्यक्रम कार्यान्वयन गर्न आवश्यक प्राविधिक सहायक पाँचौ ओसि (सिभिल) १ जना तत्काल करार सेवामा लिई कामकाज लगाउने ।

**प्रस्ताव नं. ३८.२.८**
**स्थानीय कानून (ऐन, नियम, कार्यविधि, निर्देशिका) बमोजिम गठित समितिलाई पूर्णता दिने सम्बन्धमा ।**
**निर्णय नं. ३८.२.८**
यस उप-महानगरपालिकाले निर्माण गरेका स्थानीय कानून (ऐन, नियम, कार्यविधि, निर्देशिका) बमोजिम गठित समितिलाई पूर्णता दिने सम्बन्धमा यस कार्यपालिकाले मनोनयन गर्ने सदस्यको मनोनयन गर्दा त्यस्ता समितिको सदस्य तोक्ने अधिकार प्रमुखलाई प्रत्यायोजन गर्ने र त्यसरी मनोनयन गर्दा उप-प्रमुखसँग समन्वय गर्ने समेत निर्णय गरियो ।

प्रस्ताव नं. ३८.२.९

**लुम्बिनी बस टर्मिनल स्थित सपिङ्ग कम्प्लेक्स भवनमा तल्ला थप गर्ने सम्बन्धमा ।**

निर्णय नं. ३८.२.९

यस उप-महानगरपालिका वडा नं. ९ स्थित लुम्बिनी बस टर्मिनल स्थित सपिङ्ग कम्प्लेक्स भवनमा तल्ला थप गर्ने कार्यक्रमका लागि नगर विकास कोष, काठमाडौंसँग ऋण तथा अनुदान सम्झौता गर्ने कार्यका लागि यस उप-महानगरपालिकाका प्रमुख श्री शिवराज सुवेदीज्यू र नगर कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्र सिग्देललाई खटाई पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. ३८.२.१०

**जग्गा दर्ता (विटौरी/कोदाले) सम्बन्धी समस्या समाधानका सम्बन्धमा ।**

निर्णय नं. ३८.२.१०

यस उप-महानगरपालिका क्षेत्रभित्र समस्याको रुपमा रहेको जग्गा दर्ता (विटौरी/कोदाले) सम्बन्धी विषयको समाधानका लागि विगतमा नेपाल सरकारबाट गठन भएको समिति (विटौरी कोदाले तथा आँकडा जग्गा दर्ता सम्बन्धी)को तोकिएको कार्य सम्पन्न नहुँदै म्याद समाप्त भएको हुँदा उक्त समस्या समाधान गर्न आवश्यक संयन्त्रको बैठक लगायतका अति आवश्यकीय स्रोत व्यवस्थापन यसै कार्यालयद्वारा गर्ने गरी आवश्यक संयन्त्र निर्माण गर्न भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. ३८.२.११

**कार्यक्रम कार्य सञ्चालन निर्देशिका सम्बन्धमा ।**

निर्णय नं. ३८.२.११

यस उप-महानगरपालिकाको स्वीकृत कार्यक्रम बमोजिमको उप-प्रमुखसँग गर्भवती तथा सुत्केरी भेट कार्यक्रमको देहाय बमोजिमको कार्यक्रम कार्य सञ्चालन निर्देशिका स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

**उप-प्रमुख गर्भवती तथा सुत्केरी भेट अभियानको कार्य संचालन निर्देशिका:**

| | |
|---|---|
| परिचय | • हाम्रो देशको मातृमृत्यु दरको अवस्था हेर्दा आमाहरुको मृत्यु सबैभन्दा धेरै सुत्केरी अवस्थामा भएको हुनाले गर्भवती तथा सुत्केरी अवस्थाका महिलाहरुको समयमै स्वास्थ्य जाँच गराई जटिलताहरु पहिचान गरी सोको व्यवस्थापन गरेर मातृशिशु स्वास्थ्य प्रबर्द्धनको लागि अभियान संचालन गर्न बजेट तथा कार्यक्रम व्यवस्था गरिएको हो ।<br>• शहरी क्षेत्रमा विशेषगरी विभिन्न सामाजिक तथा आर्थिक कारणले गरीब तथा सीमान्तकृत वस्तीहरुमा सुरक्षित मातृत्वको सेवा लिने दर निकै कम छ । |
| उद्देश्य | • गर्भवती महिलाहरुलाई तोकिएको समयमा (प्रोटोकल अनुसार) कम्तीमा ४ पटक गर्भजाँच गराउन प्रोत्साहित गर्ने ।<br>• गर्भवती महिला तथा सुत्केरी आमाको स्वास्थ्यमा जटिलता आउन नदिई समयमै समस्याको पहिचान गरेर मातृ तथा शिशुमृत्यु कम गर्ने । |
| अपेक्षित प्रतिफल | • गर्भवती जाँच, संस्थागत सुत्केरी तथा सुत्केरी जाँचमा उल्लेख्य सुधार आउने छ । |

| प्रतिफल | |
|---|---|
| संचालन प्रक्रिया | • गर्भ जाँच भेट (ANC Visit) मा आउने सबै गर्भवती महिलालाई २२५ दिनको लागि आइरन चक्कीका साथै क्याल्सियम चक्की वितरण गर्ने तथा गर्भवती महिलालाई प्रत्येक भेटमा आयोनून १ पोका र हात धुने साबुन १ थान उपलब्ध गराउने ।<br>• "नागरिकसँग जनप्रतिनिधि" कार्यक्रम अन्तर्गत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरी सबै गर्भवती महिलाहरुको लगत संकलन गर्ने र सम्बन्धित स्वास्थ्यसंस्थामा तिनीहरुको ANC Visit सुनिश्चित गर्ने ।<br>• कार्यक्रमको शुरुवातमा सबै महिला स्वास्थ्य स्वयंसेविकालाई स्वास्थ्यसंस्थास्तरीय १ दिवसीय अभिमुखीकरण संचालन गर्ने ।<br>• गर्भवती महिलालाई अत्यावश्यक सूचनासहितको शुभकामना-पत्र वितरण गर्ने ।<br>• प्रत्येक गर्भवतीलाई घरभेट गरी प्रोटोकल अनुसार तोकिएको स्वास्थ्यसंस्थाबाट ४ वटा ANC Visit पूरा गरी आमा सुरक्षा कार्यक्रम लागू भएका स्वास्थ्यसंस्थाबाट सुत्केरी सेवा लिई तोकिए बमोजिम ३ वटा सुत्केरी जाँच भेट (PNC Visit) सम्पन्न गर्न सहयोग गरेबापत् महिला स्वास्थ्य स्वयंसेविका (म.स्वा.स्व.से.) लाई रु. १००।- का दरले यातायात खर्च उपलब्ध गराउने ।<br>• प्रोटोकल अनुसार तोकिएको समयमा ४ वटै ANC Visit गरी बुटवल नगर क्षेत्र भित्रका स्वास्थ्यसंस्थामा सुत्केरी भएका नगरवासी महिलाहरुलाई अर्द्धवार्षिक रुपमा सम्बन्धित शहरी स्वास्थ्य केन्द्रमा भेला गराई नगर उप-प्रमुखद्वारा सम्मान गर्ने ।<br>• सम्बन्धित स्वास्थ्य केन्द्रमा कम्तीमा एकपटक ANC Visit गरेका गर्भवती महिलाहरुको चौमासिक रुपमा भेला गराई अभिमुखीकरण गर्ने तथा सो अवसरमा सहभागी सबैलाई पोषणयुक्त खाजाको व्यवस्था गर्ने । |
| बजेट बाँडफाँड | • उप-प्रमुख गर्भवती तथा सुत्केरी महिला भेट कार्यक्रममा बिनियोजित बजेट रु. ५ लाख मध्येबाट:<br>✓ गर्भवती महिलालाई क्याल्सियम खरिदको लागि अनुमानित रकम: रु.४,७५,०००।-<br>✓ गर्भवती महिलालाई शुभकामना-पत्र वितरणको लागि अनुमानित रकम: रु.२५,०००।-<br>*जम्मा रकम: रु.५,००,०००।-*<br>• **नागरिकसँग जनप्रतिनिधि कार्यक्रम *(स्वास्थ्यमा नागरिकको पहुँच कार्यक्रम)* मा बिनियोजित बजेट रु.१५ लाख मध्येबाट:**<br>✓ महिला स्वास्थ्य स्वयंसेविकालाई यातायात खर्चमा अनुमानित रकम: रु.२,००,०००।-<br>✓ संस्थागत सुत्केरी भएकालाई सम्मानका लागि अनुमानित रकम: रु.५,००,०००।-<br>✓ म.स्वा.स्व.सेविका अभिमुखीकरण कार्यक्रमका लागि अनुमानित रकम:रु. १,२५,०००।-<br>✓ गर्भवती महिलाहरुलाई अभिमुखीकरणको लागि अनुमानित रकम: रु. १,६०,०००।-<br>*जम्मा रकम: रु.९,८५,०००।-* |

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।